*"हरेक क्षेत्रमा सबैको क्रियाशिलता, सवल एवम् सक्षम चन्द्रकोट भ्रष्टाचारमा शुन्य सहनशीलता"*

# चन्द्रकोट गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि
# गाउसभा अध्यक्ष
# श्रीयुवराज खत्री क्षत्रीज्यूले पेश गर्नु भएको
# नीति तथा कार्यक्रम

चन्द्रकोट गाउँपालिका गुल्मी
गाउँ सभाको सत्रौं अधिवेशन
असार ८, २०८३

**Website:** www.chandrakormun.gov.np

**सम्मानित सभाका अध्यक्षज्यू**
**सभाका सदस्यहरु**

चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु। नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनितिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका क्रममा भएका ऐतिहासिक जनआन्दोलन तथा जनयुद्ध, मधेश आन्दोलन र नयाँ पुस्ताको आन्दोलनमा आफ्नो अमुल्य जीवन आहुती गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता तथा घाईते परिवाप्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलन नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले राष्ट्र निर्माणमा पुऱ्याउनु भएको अमूल्य योगदान प्रति सम्मान व्यक्त गर्दछु।

शासन, प्रशासन र विकास व्यवस्थापनमा सदाचारिता र नैतिकता निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको सुशासन तथा समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुसमक्ष व्यक्त गरेका प्रतिबद्धता तथा संकल्प पूरा गर्नेतर्फ हामीले आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई विभिन्न विषय गत समितिको सुझाव, जनस्तरबाट प्रविधिमा आधारित रहेर प्रदान गरिएका सुझावहरु, पालिकाको बृहत् रायसुझाव संकलन मार्फत प्राप्त सुझावहरु समेतका आधारमा अभिमूख गर्ने प्रयास गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोतको पहिचान र परिचालन गरी समावेशी, लैङ्गिक उत्तरदायी तथा उच्च दिगो स्थानीय विकास मार्फत गाउँपालिकालाई सुसस्कृत र समृद्ध बनाउन यो नीति तथा कार्यक्रमले विशेष जोड दिएको छ।
प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने, विकासका अवसरहरुमा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशुविकास, पूर्बाधार र रोजगारी जस्ता आधारभूत सेवाहरुको गुणस्तर र पहुँच अभिबृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने, गुणस्तरीय पूर्वाधारमा सबैको पहुँच सुनिश्चित गर्ने, वातावरणीय सन्तुलन एवम् जल, जमिन, जंगल, जडिबुटी, जनावर, जैविक विविधता आदि प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने शासन, प्रशासन र विकास व्यवस्थापनसँग सम्बन्धित नीतिगत, कानुनी, संरचनागत एवम् संस्थागत व्यवस्थालाई थप प्रभावकारी बनाई कार्यान्वयन गर्ने कुरालाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकता दिएको छ।

**सभाका अध्यक्षज्यू**

**सभाका सदस्यहरु**

नेपालको संविधानले निर्दिष्ट गरेको नागरिक हक अधिकारको रक्षा गरी आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, वातावरणीय र नैतिक विकासको माध्यमबाट स्थानीय सरकारलाई सबल, सक्षम र समृद्ध बनाउन चन्द्रकोट गाउँपालिकाले आवधिक विकास योजना निर्माण गरी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यका साथ अघि बढेको छ। जनसाँख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन बढ्दो तथ्याङ्कमा यूवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामीलाई सोच मग्न बनाएको छ। यसबाट यस चन्द्रकोट गाउँपालिका समेतअछुतो रहन नसकेको यथार्थता हामी समक्ष छदैछ। बन जंगलको क्रमिक विस्तारसँग संगै बन्यजन्तुको संख्यामा भएको बृद्धि एकातर्फ सकारात्मक छ भने बन्यजन्तुको संख्यामा भएको बृद्धिका कारण बृषि क्षेत्रको उत्पादन र उत्पादकत्मा ह्रास आएको छ। महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, बालवालिका तथा पिछडिएको बर्ग जस्ता बहिस्करण र बञ्चितीकरणमा परेका बर्ग र समुदायलाई नीति तथा कार्यक्रम तर्जुमा देखि कार्यान्वयन हुँदै समिक्षाको तह सम्मको सम्पूर्ण चरणमा सहभागि गराई विकासको मूल प्रवाहमा समाहित गराउन गाउँपालिका क्रियाशिल रहेको छ।

**अध्यक्षज्यू,**

सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोह्रौं योजनाको सोच, पहिलो आवधिक विकास योजना र बार्षिक विकास योजना अनुरुप गाउँपालिकाको नीति कार्यक्रम तथा बजेट तय गरिएको छ ।सोही अनुरुप दीगो विकास लक्ष्यले निर्दिष्ट गरेको गन्तव्य, नेपालको संविधानमा उल्लेखित निर्देशक सिद्धान्त तथा नीतिहरु, सोह्रौं योजना, दीर्घकालिन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मूलभूत तत्वहरु, स्थानीय सरकार संचालन ऐनले तोकेका काम, कर्तव्य र अधिकार, संघ र प्रदेश सरकारका आवधिक योजनाहरु तथा बार्षिक नीति कार्यक्रम समेतको आधारमा यसलाई तयार गरिएको छ।

सार्बजनिक सेवा प्रवाहलाई जनमूखी, जवाफदेही , पारदर्शी, समावेशी तथा सहभागिता मूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रकीकरण, आर्थिक अनुसासन तथा सार्वजनिक कार्य र श्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपुर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था सिर्जना गर्न सुशासन पाउने नागरिकको अधिकारलाई

व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी गाउँपालिकालाई सुशासनको विम्बको रुपमा स्थापना गर्ने तर्फ हामी निरन्तर क्रियाशिल छौं।

**सम्मानित सभाका अध्यक्षज्यू**

**सभाका सदस्यहरु**

अव म हाम्रा सामु रहेका अवसर तथा चुनौतिहरुलाई पेश गर्न चाहन्छु।

<u>बिद्यमान अवसरहरुः-</u>

१. स्थानीय तहका एकल तथा साझा अधिकारसहित अधिकार सम्पन्न स्थानीय तह स्थापना भई गाउँपालिकाले स्थानीय सरकारको रुपमा कार्यकारिणी, व्यवस्थापकीय र केहि न्यायिक अधिकारको प्रयोग गर्न पाउनु,

२. गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा भई कार्यान्वयनमा रहनुका साथै गाउँपालिकाको केन्द्र देखि वडा केन्द्र सम्म बाह्रै महिना यातायात सुविधा प्राप्त हुनेगरी सडक पूर्वाधारको विकास हुनु साथै टोल टोलमा समेत सडक पहुँच सुनिश्चित हुनु साथै पालिकाभित्र विभिन्न पूर्वाधारका क्षेत्रहरुमा क्रमश सुधार गर्दै लैजानु शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकासका विभिन्न सुचकहरुमा बृद्धि गर्दै लैजानु साथै नागरिकको दैनिक जिवन यापन सँगै चेतनास्तरमा समेत सकारात्मक परिवर्तन हुनु,

३. आवश्यकता अनुसार विभिन्न विषयक्षेत्रसँग सम्बन्धित स्थानीय कानुन निर्माण हुनु,

४. आफ्ना अधिकार क्षेत्रिभित्रका विषयमा नीति तथा कानुन तर्जुमा गर्ने अधिकार हुनु,

५. भौगोलिक तथा साँस्कृतिक विविधताले समृद्ध गाउँपालिका रहनुका साथै ऐतिहासिक तथा साँस्कृतिक, धार्मिक, पर्यापर्यटकीय संस्थागत गन्तव्य उपलब्ध हुनुका साथै नयाँ पर्यटकीय स्थलहरुको विकास भैरहनु,

६. चेतनशील, सभ्य, सहयोगि, इमान्दार, विकासप्रेमी र भाईचाराको भावले ओतप्रोत भएका नागरिकको बसोबास रहनु,

७. जनप्रतिनिधि, कर्मचारी र नागरिक विचको सम्बन्ध सुमधुर रहनु,

<u>विद्यमान चुनौतिहरु</u>

१. सीमित साधन श्रोत र असिमित दायित्व र नागरिक अपेक्षा विच सन्तुलन कायम राख्नु,

२. व्यवसायिक र सामुहिक कृषि लगायतका दिगो प्रकृतिका उत्पादनयोग्य क्षेत्रमा संरचनागत अभाव,समन्वय र सामुहिक संस्कारको अन्तर रहनु,

३. कृषिलाई जीविकोपार्जनको मूख्य आधार बनाउन नसकिनु, बन क्षेत्रको विस्तारका कारण कृषि योग्य जमिनको खण्डीकरण र परित्यक्तता साथै कृषि हानीकारक बन्य जन्तु बाँदर, बँदेल, दुम्सी जस्ता जंगली जनावरहरुको नियमनका लागि संघीय नियामक कानुन ठोस रुपमा नआउनु,

४. पूर्वधारहरुको निर्माणमा अन्तर सरकारी निकायबीच समन्वयको अभाव रहनु, दिगो र प्रभावकारी निर्माणमा पर्याप्त बजेटको अभाव रहनु साथै नागरिकको सहभागितामा समेत अपेक्षित नतिजा प्राप्त नहुनु,

५. बढ्दो सामाजिक असन्तुष्टी, नकारात्मक मनोबिज्ञान र राजनीतिक अस्थिरता रहनु,

६. बढ्दो बसाईसराई र बैदेशीक रोजगारीले भैरहेको जनशक्तीको अभाव,

**सम्मानित सभाका अध्यक्षज्यू**

**सभाका सदस्यहरु**

नेपालको संविधान, सोह्रौं योजना, दीगो विकास लक्ष्य, २०३० को मार्गचित्र, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाका विभिन्न योजनाहरु, विकासका अन्तर सम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखि यो नीति तथा कार्यक्रम तय गरिएको छ। बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको लागि निर्दिष्ट गरिएको सम्पूर्ण प्रकृया पूरा गरी चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

गुणस्तरीय पूर्वाधार निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, उद्योगी व्यवसायिहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरुको निरन्तर सहयोग रहदै आएको छ। शासन, प्रशासन र विकास व्यवस्थापना सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनीक संयन्त्रले त्यसलाई प्राविधिक एवम् कानुनी ढाँचाभित्र आवद्ध गराउन सक्दछ। आम नागरिकहरुले साथ, सहयोग, समर्थन र रचनात्मक सुझाव दिँदै नीति तर्जुमा देखि यसको प्रभाव मूल्याङ्कन सम्मका प्रकृयाहरुमा आवश्यकता अनुसार सहभागी भएर गाउँपालिकाको विकासमा योगदान दिन सक्दछन्। शासनीय प्रवन्धमा आएको परिवर्तनलाई आत्मसात गर्दै

जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, गुणस्तरीयता एवम् स्वच्छतायुक्त नीतिलाई गाउँपालिकाले विगत देखिनै अवलम्बन गरिरहेको छ।

बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न माध्यमबाट महत्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण राजनितिक दलका प्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, कर्मचारी, विभिन्न पेशा र व्यवसायमा आवद्ध प्रबुद्ध व्यक्तित्वहरु, विभिन्न क्रियाशिल संघ संस्था, समुह, यूवा क्लव, शैक्षिक व्यक्तित्वहरु, पछाडी पारिएका बर्ग र समुदायलाई प्रतिनिधित्व गर्ने संयन्त्र, अपाङ्गगता भएका व्यक्तिहरु, संचारकर्मीहरु, गाउँपालिका भन्दा बाहिर नेपालका विभिन्न स्थान तथा विदेशमा रहनुभएका पालिकाबासी तथा पालिकाप्रेमी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्णमा गाउँपालिकाको तर्फबाट हार्दिक आभार सहित अमुल्य सल्लाह र सुझावका लागि सदैव धन्यवाद व्यक्त गर्दछु।

**अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

**अव म विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।**

## आर्थिक विकास तर्फको नीति तथा कार्यक्रमहरु

दीगो विकासका लक्ष्य न १, २, ७, ८, १२ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र पालिकाकोसमग्र आर्थिक क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को लागितपसिल वमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएकोछ।

### क. कृषि तथा पशुपालन

१. परम्परागत तथा निर्वाहमुखी कृषि तथा पशुपालन प्रणालीलाई आधुनिक, व्यवसायिक, यान्त्रिकीकरणयुक्त, विविधीकृत तथा प्रविधिमैत्री प्रणालीमा रूपान्तरण गर्दै कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा गुणात्मक तथा परिमाणात्मक वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। कृषिलाई रोजगारी, आयआर्जन तथा आर्थिक समृद्धिको आधारका रूपमा विकास गर्न युवाशक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गरिनेछ। यसका लागि **वित्तीय संस्थासँगको सहकार्यमा कृषि ऋणको ब्याज अनुदान**, उत्पादनमा आधारित साना कृषि यन्त्र तथा उपकरण अनुदान, उन्नत जातका पशुपालन प्रवर्द्धन, कृषि उपज संकलन तथा बिक्री केन्द्र

स्थापना लगायत आवश्यक कृषि तथा पशुपालन पूर्वाधारको विकास एवं व्यवस्थापन गरी किसानको आय तथा जीवनस्तर अभिवृद्धि गरिनेछ।

२. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि र कृषक सशक्तीकरणका लागि स्थानीय आवश्यकता अनुरूप कृषि प्रसार सम्बन्धी नीति, योजना, कानुन तथा मापदण्ड तर्जुमा गरी प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ। कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सहायता, सीप विकास तथा सशक्तीकरणका लागि प्रत्येक वडामा कम्तीमा एक पटक तालिम सञ्चालन गरिनेछ। पशु सेवा शाखाको पहुँचभन्दा टाढा रहेका बस्तीहरूमा निःशुल्क पशु स्वास्थ्य शिविर, डिपिङ तथा ड्रेन्चिङ कार्यक्रम सञ्चालन गरिनेछ। साथै "कृषकको खेतबारी र गोठमा विज्ञसहितको प्राविधिक सेवा, कृषिमा टेवा" भन्ने अवधारणालाई कार्यान्वयन गर्दै किसानकै खेतबारी तथा गोठसम्म प्राविधिक टोली परिचालन गरी कृषि तथा पशुपालन सम्बन्धी समस्या समाधान, परामर्श तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

३. कृषि हानिकारक बन्यजन्तुको रुपमा रहेको बाँदर, बँदेल, दुम्सि जस्ता जंगली जनावरबाट हुने कृषि हानी नोक्सानि कम गर्न सरोकारवालाहरुसँग आवश्यक पहल र पालिकाको तर्फबाट **बैकल्पिक खेति प्रविधि** सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

४. कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धिका लागि उन्नत बीउविजन, कृत्रिम गर्भाधान, पशु आहार स्रोत केन्द्रको विकास र नियमन गर्दै (घाँस); एकीकृत शत्रुजीव व्यवस्थापन )IPM) मा जोड दिई रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्ने तथा महामारी एवं जुनोटिक रोग नियन्त्रणका लागि निःशुल्क खोप अभियान सञ्चालन मार्फत अर्गानिक एवं स्वास्थ्यमैत्री उत्पादनलाई प्रोत्साहित गरिनेछ।

५. साना सिंचाइका लागि पोखरी, कूलो निर्माण मर्मत, थोपा सिंचाइ, सिमेन्ट पोखरी/प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाईथप प्रभावकारी बनाइने छ ।

६. विभिन्न कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम गैरसरकारी संस्था, समुदाय तथा समूहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

७. तरकारी, दुध, फलफूल, अण्डा तथा मासुमा आत्मनिर्भर हुँदै आयात निरुत्साहन र निर्यात प्रबर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

८. कृषकलाई दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रमको रकम बढाईनेछ भने विक्रि वितरणको आधारमा अन्य कृषि तथा फलफूल जन्य उत्पादनमा आधारित कार्यक्रम थप

गरिनेछ। **कृषकको उत्पादन गाउँपालिकाको अनुदान** कार्यक्रमलाई समूह र सहकारी मार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ।

९. भैरहेका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) क्षेत्रलाइ अझै विकास गर्दै सम्भावनाका आधारमा थप पकेट क्षेत्र घोषणा गरिनेछ। पालिकाको निश्चित क्षेत्रमा बंगुर पकेट क्षेत्र संचालन गरिनेछ।

१०. गाउँपालिका भित्र सञ्चालित कृषि तथा पशुपालन सम्बन्धी शिक्षालय, विद्यालय तथा प्राविधिक शिक्षण संस्थाबाट प्राप्त हुने विद्यार्थीहरूको ज्ञान, सीप र क्षमतालाई कृषक तथा कृषि उद्यमसँग आबद्ध गर्दै व्यवहारिक सिकाइको अवसर सिर्जना गरिनेछ। कृषि तथा पशुपालन क्षेत्रको गुणस्तरीय सेवा प्रवाह, उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि कृषि विकास तथा पशु सेवा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

११. **चन्द्रकोटको खाउँ चन्द्रकोटमै रमाउँ** भन्ने नाराका साथ पौष्टिक महत्व बोकेका लोपन्मुख रैथाने बालीहरु कालो भटमास, गहत, सिलाम, बाँको जस्ता बालीहरुको संरक्षण कार्यक्रमलाई बिशेष जोड दिईनेछ जसलाई विक्रिका आधारमा अनुदान दिने नीति अवलम्बन गरिनेछ। विद्यालयमा दिवाखाजामा यस्ता रैथानेबालीबाट उत्पादित खाजा प्रयोगमा प्रोत्साहन गरिनेछ।

१२. मुख्य खाद्यान्न बाली धान, मकै, गहुँ आदीको विउ उत्पादनको लागि मुल विउ वितरण, क्षेत्र विस्तार, वजारिकरण तथा विविधिकरण गरी कृषकको आर्थिक अवस्थामा सुधार ल्याईनेछ। कृषि तथा पशुबीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। उत्पादित कृषि तथा पशु जन्य वस्तुको न्युनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१३. पालिकामा भएको बढ्दो बसाईसराईलाई गाउँ प्रतिको आकर्षण राख्न पालिकाभित्र स्थायी बसाईसराई गरी बसोबास गर्न आउने नागरिकहरुलाई एक कार्यविधि तयार गरी कृषि तथा पशुपालन एवम् दीर्घकालीन व्यवसाय लक्षित सहुलियतपूर्ण कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

१४. कोल्ड स्टोर/चिस्यान, कृषि एम्बुलेन्स ,हाटबजार र सङ्कलन केन्द्र निर्माणको लागिअध्ययन, अनुसन्धान तथा जग्गा व्यावस्थापनको कार्यलाई प्राथमिकता दिईनेछ।

१५. घर-घरमा करेसाबारी स्थापना र प्रोत्साहनका लागि एक घर एक करेसाबारी कार्यक्रम अभियानकै रुपमा संचालन गरिनेछ।

१६. तरकारी उत्पादन गरी चन्द्रकोट गाउँपालिकाका कृषि सहकारी मार्फत विक्री गर्दा तरकारी मूल्य श्रृङ्खला परियोजना संचालनका लागि गैरसरकारी सँस्थासँग समन्वय गरिनेछ।

१७. कृषि खेतीलाई सुरक्षित तबरवाट गर्न र लागत साझेदारीमा प्लास्टिक टनेल र मेशिनरी औजार उपलब्ध गराउने व्यवस्था लाई निरन्तरता दिइने छ। साथै साना किसान लक्षित कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

## ख. <u>पर्यटन तर्फः-</u>

१८. **'जाऔं चन्द्रकोट घुमौं चन्द्रकोट'** पर्यटन प्रबर्धनको मूल आधार मानिने छ। पालिकाका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण गरिनुका साथ यहाँका जनसमुदायको रीति रिवाज, धर्म संस्कृति, परम्परा संरक्षण तथा सम्बर्द्धनमा जोड दिईनेछ। भेषभूषा, कला, भाषा, चाडपर्वको जगेर्ना गर्ने विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१९. पालिकामा रहेको टिमुरे सामुदायिक होमस्टेको प्रबर्धन गरिनेछ भने अन्य संभावित होमस्टेहरुको स्थापना गर्न अध्ययन गर्ने नीति लिईनेछ।

२०. चन्द्रकोट गाउँपालिकाको नामाकरण भएको ऐतिहासिक चन्द्रकोट दरवार क्षेत्र संरक्षण, धार्मिक क्षेत्र दिब्रुङ्ग मन्दिर, शिवालय मन्दिर, चक्रेश्वर मन्दिर, शिद्धबाबा धाम तथा चण्डिस्थान मन्दिर जस्ता धार्मिक पर्यटकीय गन्तव्यहरुको संभावना बोकेका स्थलहरुको संरक्षण र प्रबर्धन गर्ने नीति लिईनेछ।

२१. प्राकृतिक पर्यटकीय स्थलहरु टिमुरे क्षेत्र, दिब्रुङ्ग दह, बार्जिङ्ग पर्यटकीय क्षेत्र, रुमालबारी पिकनिक स्पर्ट, पाटेचौर, अर्जेवा झरना लगायतका प्राकृतिक स्थलहरुको संरक्षण गरिनेछ।

२२. पर्यटन पूर्वाधार विकासमा स्थानीय संघ संस्था समुदाय तथा नीजि क्षेत्रको सहभागितालाई प्रोत्साहनको नीति अवलम्बन गरिनेछ।

२३. युवाहरु गाउँ विकासको स्रोत र पूंजी रहेको हुंदा विदेश पलायन हुनबाट रोक्नका लागि नविनतम आयआर्जनका माध्यमबाट स्वरोजगार बनाउने नीति लिईनेछ।

२४. पालिकाको समग्र पर्यटनको विषय समेटेर **" जाउँ चन्द्रकोट घुमौं चन्द्रकोट"** भन्ने नारा सहित अभियान संचालन गरिनेछ। पालिकाभित्रका सबै पर्यटकीय स्थलहरुको एक बृहत् बृत्तचित्र तयार गरिनेछ।

## ग. सहकारी तथा वित्तिय संघसंस्थातर्फः-

२५. पालिका क्षेत्रभित्र कार्यक्षेत्र भई सञ्चालन भएका सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासका लागि वित्तीय विश्लेषण र ऋण व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिने छ।

२६. गाउँपालिकाभित्र रहेका सहकारी संस्थाको नियमन तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन सबै सहकारी संस्थाहरुलाई कोपोमिसमा आवद्ध गरिनेछ।

२७. आर्थिक विकासको निमित्त छरिएर रहेका स्थानीय पुजी श्रम सीप र श्रोत परिचालन गराउने माध्यमको रुपमा सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न महिला तथा निम्न बर्गका जनताको जिवनस्तर उकास्ने माध्यमको रुपमा सहकारीलाई अगाडी बढाउँदै सहकारी संस्थाहरुलाई उत्पालनमूलक कार्यमा लाग्न अभिप्रेरीत गरिनेछ।

२८. सहकारीको माध्यमबाट स्थानीय श्रोत साधन सीप र पुँजीको अधिकतम परिचालन गरी गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरण गर्ने नीति लिईनेछ।

२९. वित्तिय संस्थाहरुसँग समन्वय र सहकार्य गरी उत्पादनमूलक व्यवसायमा उद्यमी कर्जा मार्फत भएको लगानीमा व्याज अनुदान कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

## घ. उद्योग बाणिज्यतर्फ

३०. उत्पादन बढाउँदै उत्पादित बस्तुहरुको खपतमा अधिकतम मुनाफा लिँदै विभिन्न क्षेत्रमा पालिकाको उत्पादनलाई बढावा दिन कृषिजन्य लघु, साना तथा मौझौला उद्योग स्थापना र संचालनका लागि समुदायसँग साझेदारी गरिनुका साथै दर्ता, नवीकरण र अभिलेखीकरणको कार्यलाई थप सरलीकरण गरिनेछ।

३१. पालिका क्षेत्रभित्र व्यापार प्रयोजनका लागि आउने विभिन्न किसिमका घुम्ती व्यापारीलाई नियमन गरी एकद्धार प्रणालीबाट व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३२. लघु उद्यमको प्रवर्द्धन एवं सिर्जना गर्न,सीप विकास तालिम, लघु उद्यम विकास मोडेलमा कार्यक्रम सञ्चालन, स्थापित उद्यमीहरुको स्तरोन्नतीका लागि कार्यक्रम ल्याईनेछ। पालिकामा रहेका उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको प्रयोगलाई अनिवार्य गर्ने नीति लिईनेछ।

३३. स्थानीय उत्पादनको प्रयोगलाई अनिवार्य गर्ने नीति लिईनेछ। पालिकाभित्र संचालन हुने कार्यक्रमहरुमा स्थानीय उत्पादनलाई प्राथमिकता दिदै लगिनेछ।

३४. कर्मठ युवा जनशक्तिहरुलाई उद्यमशीलताको कार्यमा संलग्न गराई रोजगार र आयआर्जनका कार्यलाई एकैसाथ अगाडी बढाउन नवप्रबर्द्धन कार्यक्रमको रुपमा मकैको पोस्करबाट झोला तथा टोपी बनाउने, सालका पातहरुबाट प्रविधिको प्रयोग गरी टपरी बनाउने तालिम संचालन गरी सो को बजारीकरण गर्ने कार्यलाई प्राथमिकता दिई स्वरोजगार बनाउने नीति लिईनेछ।

३५. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ।

३६. युवाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउन तथा स्वरोजगार सृजना गरी युवाहरुलाई स्थानीयस्तरमै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले युवा उद्यम कार्यक्रम संचालन गरिनेछ।

३७. पालिकाबाट संचालन हुने उद्यमशीलता सम्बन्धी तालिमामा दलित, आदिवासी जनजाती, सिमान्तकृत समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिलालाई पहिलो प्राथमिकतामा राख्ने नीति लिईनेछ।

३८. अन्य स्थानबाट पालिकामा स्थायी बसोबास गरी कृषि तथा पशुपालन एवम् उद्यमशील व्यवसाय संचालन गर्न चाहने व्यक्तिहरुलाई दर्तामा पूर्ण छुट दिनुका साथै आगामी ३ बर्षको नवीकरण छुटको नीति लिईनेछ।

**ङ. रोजगारतर्फः-**

३९. गाउँपालिकाको बढ्दो वसाईसराईलाई कम गर्न, स्थानीय स्तरमै रोजगारी सृजनागर्न, आयात प्रतिस्थापन गर्न, स्थानीय उत्पादनको सहज र सुलभ उपलब्धता गराउन र पालिकाको आन्तरिक आम्दानी समेत वृद्धि गर्ने उद्देश्यले संचालनमा ल्याएका कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम संचालन गरिनेछ जसलाई नवप्रवर्द्धन कार्यक्रम संग जोड्दै थपव्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ।

४०. बैदेशिक रोजगार बोर्डको समन्वयमा बैदेशिक रोजगारीबाट फर्केका (रिटर्नी) युवाहरुको सीप र पुँजीलाई उपयोग गर्न प्रविधि हस्तान्तरण, उत्पादन सामाग्री तथा स्टार्टप सहित स्थानीय उत्पादन र स्वरोजगारसँग आवद्ध गर्ने नीति लिईनेछ।

४१. राष्ट्रिय रोजगार कार्यक्रममा पालिकाको लागत साझेदारी बढाईनेछ र यसलाई थप प्रभावकारी बनाउन दिगो खालका कार्यक्रमहरु संचालन गरिनेछ।

**सम्मानित सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यहरु,**

अव म

सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**दीगो विकासका लक्ष्य नं ३, ४, ५, ६,११, १६ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि रपालिकाको समग्र सामाजिक क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल वमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएकोछ।**

क. शिक्षा तर्फः-

४२. गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि पूरक शैक्षिक पूर्वाधार निर्माण तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४३. "शैक्षिक गुणस्तरमा चन्द्रकोटको साथ,शिक्षा बाटै समृद्धिको सुरुवात" भन्ने आदर्श वाक्यका साथ विद्यालयमा आवश्यक आई.सि.टि. पूर्वाधार, प्रविधिमैत्री सिकाइ वातावरण तथा शिक्षण सामग्रीको व्यवस्था गर्दै शिक्षक क्षमता विकास, शैक्षिक सुशासन र सिकाइ उपलब्धी सुधारमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

४४. विद्यालयको वास्तविक आवश्यकता र शिक्षक-विद्यार्थी अनुपातलाई आधार मानी विद्यालय शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइनेछ।

४५. प्रारम्भिक बालविकास शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम अन्तर्गतका शिक्षक ,विद्यालय सहयोगी, विद्यालय सहायक कर्मचारी तथा बालविकास सहजकर्ताको मनोबल अभिवृद्धि गर्न तथा कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन गाउँपालिकाको वित्तीय क्षमताको आधारमा तलब वृद्धि गर्न आवश्यक नीति लिईनेछ।

४६. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालय निरीक्षण तथा सुपरीवेक्षण प्रणालीलाई नतिजामुखी बनाई शिक्षकको पेशागत विकासलाई निरन्तर, नवप्रवर्तनात्मक र सहयोगात्मक बनाउने निति लिइनेछ।

४७. बालबालिकालाई प्रदान गरिने दिवा खाजामा जङक फुडलाई पूर्ण रुपमा निषेध गरी अनिवार्य रुपमा स्थानीय अर्गानिक अन्न, तरकारी र फलफूलको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

४८. गाउँपालिका क्षेत्रमा रहेका विज्ञ शिक्षकहरुमध्येबाट विषयगत रोष्टर निर्माण गरी विद्यालयहरुमा नमूना कक्षा शिक्षण, विषयगत शिक्षण अनुभव आदान प्रदान र शिक्षकको पेशागत सहयोग तथा पृष्ठपोषणको कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. शैक्षिक गुणस्तर अभिवृद्धि तथा उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन गर्न प्रत्येक वर्ष उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालयको छनोट गरी सम्मान तथा पुरस्कृत गर्ने व्यवस्थालाई थप व्यवस्थित गर्ने नीति लिईनेछ।

५०. विद्यार्थीहरूको शारीरिक ,मानसिक र बौद्धिक विकासका माध्यमबाट उनीहरूमा रहेको अन्तर्निहित क्षमता तथा प्रतिभा प्रस्फुटन गराउन गाउँ पालिका स्तरीय खेलकुद, कला, साहित्य, र सिर्जनात्मक अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनेछ। राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ।

५१. विद्यालयको शैक्षिक उपलब्धि, संस्थागत सुशासन तथा प्रशासनिक कार्यसम्पादनलाई थप प्रभावकारी, उत्तरदायी र पारदर्शी बनाउन प्रधानाध्यापक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५२. विद्यालय तहमा खेलकुदकोविकास, विद्यार्थीहरूको अन्तरनिहित प्रतिभाको पहिचान तथा शारीरिक, मानसिक र अनुशासनात्मक विकासका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यवस्थित, मर्यादित र प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गरिनेछ।

५३. शिक्षालाई श्रम, सीप, र उत्पादनसँग आबद्ध गर्दै विद्यार्थीहरूलाई उद्यमशीलताको भावना विकास गराउन पालिकाभित्रका माध्यमिक विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५४. माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीहरूमा स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गर्न शैक्षिकसत्र २०८३ को माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट नतिजा (४जिपिए) हासिल गर्ने गाउँपालिकाभित्रका विद्यार्थीहरूलाई नगद पुरस्कार सहित सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

५५. आधारभूत तहदेखि नै मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न आधारभूत तहको गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ।

५६. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको हाजिरी व्यवस्थापनलाई व्यवस्थित ,प्रविधिमैत्री बनाईनेछ।

५७. विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार एवम् सुधारमा विशेष ध्यान दिइने छ।

५८. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको व्यक्तित्व विकास,क्षमता अभिवृद्धि,सिर्जनशीलता र नेतृत्व क्षमताको प्रवर्द्धन गर्न प्रतिभा पहिचानसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**ख. युवा तथा खेलकुदतर्फः**

५९. खेलकुद क्षेत्रको समग्र विकास, युवामा प्रतिस्पर्धात्मक भावना,अनुशासन तथा नेतृत्व क्षमताको विकास गर्दै स्थानीय खेलप्रतिभाको पहिचान, संरक्षण र प्रवर्द्धनका लागि अध्यक्षकप भलिबल प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगिताहरूलाई यस वर्ष पनि निरन्तरता दिई व्यवस्थित, रूपमा सञ्चालन गरिनेछ।

६०. गाउँपालिकाभित्रका खेलमैदान पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र संरक्षण गरिनेछ साथै सोका लागि केन्द्र सरकार तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

६१. युवामा सकारात्मक सोच, सामाजिक उत्तरदायित्व र स्वयंसेवी भावनाको विकास गर्न पालिकाले आयोजना गर्ने सामाजिक अभियानहरूमा युवाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

६२. हरेक क्षेत्रमा युवा परिचालनको निति अनुसार युवा नै परिवर्तनको सम्वाहक भएकोले उनीहरुलाई विकास निर्माण विपद व्यवस्थापन, खेलकुद, संस्कृति संरक्षण तथा प्रवर्द्धन लगायतका क्षेत्रमा सक्रिय सहभागिता सुनिश्चित गर्न विशेष युवा लक्षित प्रोत्साहन कार्यक्रम अवलम्वन गर्ने निति लिईनेछ।

**ग. स्वास्थ्यतर्फः-**

६३. प्रदेश र संघको समन्वयमा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार मापदण्ड अनुसारको बनाउँदै लगिनेछ।पालिकाभित्रका सबै स्वास्थ्य चौकीहरु मार्फत प्रदान हुने स्वास्थ्य सेवालाई नयाँ सुविधा सम्पन्न भवनबाट प्रदान गर्नका लागि सम्पन्न भएका स्वास्थ्य चौकीकोनयाँ भवनबाट सेवा प्रवाह सुरु गरिनेछ। ८ वटै वडामा रहेका गाउँघर क्लिनिक र खोप क्लिनिकहरुलाई व्यवस्थित गर्दै लगिनेछ।

६४. आधारभूत अस्पताल ,स्वास्थ्यचौकी ,सामुदायिक स्वास्थ्य ईकाईहरुलाई सुचना प्रविधिमैत्री बनाईनेछ साथै स्वास्थ्य संस्थाहरुमा औषधि ,खानेपानी ,बिद्युत र ब्याकअपको ब्यबस्थापन गरिदै लगिनेछ।

६५. आधारभूत अस्पतालको नामबाट प्रचलित मापदण्ड अनुरुपको एम्बुलेन्स सेवा संचालन गरिनेछ। स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी उपल्लो निकायमा प्रेषण हुने गर्भवती महिलाहरुको निशुल्क यातायात सुविधा यसै मार्फत संचालनको निरन्तरता गर्ने नीति लिईनेछ।संस्थागत प्रसूति सेवालाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६६. स्वास्थ्य सेवालाई नागरिकले महसुस हुने गरीनै चन्द्रकोट आधारभूत अस्पतालको समन्वयमा प्रत्यक वडाका स्वास्थ्य चौकी र समुदायमा गई एकिकृत शुष्म स्वास्थ्य शिविर तथा नसर्ने रोगहरुको स्क्रिनिङ्ग गर्ने नीति लिइनेछ।

६७. यस पालिका भित्र संचालनमा रहेका बर्थिंग सेन्टर र ल्याब सेवालाई थप सुदृधिकरण गर्दै सेवा प्रवाहलाई निरन्तरता दिइनेछ।साथै आवश्यकता अनुसार थप र समायोजन गर्ने नीति लिईनेछ।

६८. परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेका आयुर्वेद, योग तथाध्यान लगायतका पद्धतिको पहिचान, संरक्षण, प्रवर्द्धन, विकास र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

६९. स्वास्थ्य विमा बोर्डसँग सम्झौता प्रक्रिया अगाडी बढाई स्वास्थ्य बिमा गरेका नागरिकहरुलाई सेवा सुविधा प्रधान गर्न चन्द्रकोट आधारभूत अस्पताललाई स्वास्थ्य बीमाको प्रथम बिन्दु बनाईनेछ।

७०. प्रत्येक ३/३ महिनामा विशेषज्ञ सेवाहरु सहितको बृहत् स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ। महिलाहरुको स्तन क्यान्सर ,पाठेघरको मुखको क्यान्सर परिक्षणको लागि विशेष प्राथमिकतामा राखि निरन्तरता दिइनेछ।

७१. आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा अक्सिजन कमि हुन नदिन विद्युतीय सिलिण्ड जडान गरिनेछ भने जिल्ला अस्पताल गुल्मीसंग समन्वय गरी तीन तीन महिनामा भुक्तानी दिने गरी अक्सिजन सिलिण्डर समेत व्याकप राखिनेछ।

७२. स्वस्थ र समुन्नत समाज निमार्णको लागि किशोर किशोरी तथा पोषण मैत्री स्वास्थ्यसंस्था घोषणा गर्दै किशोर किशोरी तथा पोषणमैत्री पालिका बनाउने नीति अवलम्बन गरिनेछ।

७३. चन्द्रकोट गाउँपालिका भित्रका एच.आइ.भि. बाट संक्रमितहरुको तथ्याङ्क सुरक्षित राखि उनीहरुलाई स्वास्थ्य विमा कार्यक्रमको साथै पोषण तथा उपचार खर्चका साथै विद्यालय जाने विद्यार्थीका लागि आवश्यक सामाग्रीको ब्यबस्थापन गरिनेछ ।

७४. बिद्यालयमा स्वास्थ्यकर्मी कार्यक्रम संचालन गरिनेछ जसका लागि भौतिक एवं आवश्यक सामग्रीकोथप व्यवस्था गरिने छ।

७५. समुदाय स्तरमा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम र उत्तर प्रसुती(PNC) घरभेट सेवा कार्यकमलाई थप प्रभावकारी रूपमा संचालन गरिने छ। मस्वस्थ ,मेरो समुदाय स्वस्थ ,घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम अन्तर्गत प्रत्येक वडाहरुमा सर्ने/नसर्ने रोग सम्बन्धि सचेतना कार्यक्रमहरु संचालनमा ल्याईनेछ। यस कार्यक्रम लाई थप प्रभावकारी बनाउनका लागि फिल्डमा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहनको नीति लिईनेछ।

७६. कड़ा खालका रोगहरु जस्ते क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग, स्पाइनल इन्जुरी लगायतका पिडित विपन्न नागरिक लाभग्रहीरुलाई संघ र प्रदेशको समन्वय र सहकार्यमा प्रदान गरिने विभिन्न कार्यक्रमलाई निरन्तरता दिईनेछ । पालिकाबाट विपन्न नागरिकहरुलाई प्रदान गर्दै आएको सहायता रकमलाई निरन्तरता दिईनेछ।

७७. बाल स्वास्थ्य, नियमित खोप कार्यकमलाई प्रवर्द्धन गर्दै पूर्णखोप सुनिश्चितता कार्यक्रमको दिगोपनाको निरन्तरता दिईनेछ।पूर्ण सरसफाई उन्मुख पालिका कार्यक्रम अन्तर्गत खानेपानी, सरसफाई प्रवर्द्धन तथा स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तनका लागिआवश्यक कार्यक्रम संचालनमा ल्याईनेछ।

७८. पोषण कार्यक्रम अन्तर्गत किशोर किशोरीहरुलाई स्वास्थ्य प्रवर्द्धन गर्न विद्यालयमा आइरन, फोलिक एसिड कार्यक्रम, विद्यालयमा जुकाको औषधि वितरण तथा सुनौलो १००० दिनका आमाहरुलाई स्वास्थ्य आमा समुहमा पोषण सम्बन्धी स्वास्थ्य शिक्षा तथासचेतनात्मक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ।

७९. समुदायमा आधारित महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई बैठक भत्ता ,संचार खर्चको साथै २० बर्ष भन्दा बढी सेवा प्रदान गर्नु भएका सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सम्मान गर्ने नीति लिईनेछ।

८०. अतिशीघ्र कडा कुपोषित बालवालिका, गर्भवती र सुत्केरी आमाहरुका लागि व्यवस्थापन गर्न पालिका अन्तर्गतको शान्तिपुर स्वास्थ्य चौकीमा संचालित बहिरङ्ग उपचार केन्द्र (OTC) लाई थप व्यवस्थित गरिनेछ। र अन्य स्वास्थ्य संस्थाहरुमा समेत विस्तार गर्ने नीति लिईनेछ।

८१. महामारीजन्य, किट जन्य तथा अन्य सरुवा रोगहरुको रोकथाम, नियन्त्रण र पूर्वतयारी एवम् प्रतिकार्य र व्यवस्थापन गर्न RRT (द्रुत प्रतिकार्य टोली) लाई यथाशक्य रुपमा परिचालित गर्नुका साथै सचेतनामुलक कार्यक्रम अगाडि बढाईनेछ।

८२. रक्तदान जीवन दान जीवन दान महादान भन्ने नारा सहित कम्तिमा बर्षको १ पटक हुने खुल्ला रक्तदान कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै चन्द्रकोट गाउँपालिका भित्रका

नागरिक र कर्मचारीहरुलाई रगत नपाएर जीवन गुमाउन नपरोस् भनि रुपन्देहीका विभिन्न स्वास्थ्य संस्थामा निशुल्क रगत उपलब्ध गराउने गरी नेपाल रेडक्रस सोसाईटि रक्तसंचार सेवा केन्द्र बुटवलसँगको संझौताको नवीकरण गरिनेछ।

८३. नेपाल नेत्रज्योति संघगुल्मी र चन्द्रकोट गाउँपालिकाको सम्झौता अनुसार शान्तिपुर आँखा उपचार केन्द्र शान्तिपुरलाई गाउँपालिकाको मातहतबाट संचालन हुनेगरी कर्मचारी ब्यबस्थापन गरिनेछ भनेविद्यालय आँखा जांच,मोतियाबिन्दुको निशुल्क अप्रेशनऔषधी , तथा चश्मा वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

८४. बहुपक्षीय र बहु क्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्म हत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रर्वधन, आत्मा हत्याको न्यूनीकरणका लागिसचेतनात्मक कार्यक्रम अभियानकै रुपमा संचालन गरिने छ।

८५. उत्कृष्ठ कार्य सम्पादन गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

८६. नागरिकहरुको हितका लागि शान्तिपुर बसपार्क देखि आधारभुत अस्पताल सम्म निशुल्क अटो रिक्सा गाउँपालिकाबाटै संचालन गर्ने नीति लिईनेछ।

**घ. भाषा कला र संस्कृतितर्फः-**

८७. **हाम्रो भाषा कला र संस्कृति केवल परम्परा मात्र होईनन् यी हाम्रा अमूल्य सम्पदा र वैभव हुन्** भन्ने उक्तिलाई अंगिकार गर्दै गाउँपालिकाका विभिन्न जातीय पहिचानका भाषा, कला, साहित्य, धर्म, संस्कृति, ऐतिहासिकता लगायतको पहिचाहनलाई प्रबर्धन गर्ने र यिनिहरुको अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८८. पालिकाका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण गरिनुका साथ यहांकाजनसमुदायको रीति रिवाज, धर्म संस्कृति, परम्परा संरक्षण तथा सम्बर्द्धनमा जोडदिईनेछ। भेषभूषा, कला, भाषा, चाडपर्वको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु संचालनगरिनेछ।

८९. ऐतिहासिक दिब्रुङ्ग शिवालय मन्दिरका अलावा चन्द्रकोट मन्दिर, चक्रेश्व मन्दिर तथा शिद्धबाबा धाममा पुजा व्यवस्थापन सहयोग कार्यक्रमको नीति अवलम्बन गरिनेछ।

९०. पालिकाभित्र संचालन हुने चक्रेश्वर मेलालाई पालिकाको विशेष पर्वको रुपमा लिने नीतिलाई निरन्तरता दिईनेछ भने अन्य मेला पर्वमा समेत पालिकाको सहकार्यको नीतिलाई निरन्तरता दिईनेछ।

### ङ. खानेपानी तथा सरसफाई

९१. स्वच्छ खानेपानीको सुविधाबाट बन्चित घर परिवारलाई बास प्लान अनुसारखानेपानीका योजनाहरु सञ्चालनमा ल्याई एक घर एक धाराको नीतिलाई यसैबर्ष पूरा गर्ने नीति लिईनेछ।

९२. पालिकाभित्रका मुख्य सार्वजनिक स्थलहरुमा सफा पिउनेपानी उपलब्ध गराउन धारा जडान गरिनेछ।

९३. **आफू खाउँ बचेको पानी बाँढौं** भन्ने नारा सहित विद्यमान खानेपानीको मुहानको स्वामित्वका सन्दर्भमा संघीय र प्रदेश कानुन अनुसार पालिकाको कानुन परिमार्जन गर्दै लगिनेछ। मुहानको स्वामित्वलाई उपभोक्ता समिति मातहतमा ल्याउन पहल गरिनेछ।

९४. पालिकाभित्र संचालन हुने लिफ्टिङ्ग खानेपानीको महसुलमा छुटको व्यवस्था मिलाउने नीति लिईनेछ साथै पालिकाभित्र संचालित खानेपानीहरुमा ग्राभिटी खानेपानीलाई जोड दिन पहल गरिनेछ।

### च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः-

९५. महिला संजाल मार्फत लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरु तर्जुमा गरी महिलाहरुलाई समतामूलक तवरबाट विकासको मूलधारमा समाहित गराइने नीति लिइनेछ। महिलाहरुलाई स्वरोजगार उन्मुख कार्यक्रम संचालन गर्दै लगिनेछ।

९६. महिला सिमान्तकृत बर्ग तथा अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो नाममा कुनै व्यवसाय संचालन गर्न चाहेमा यस अघि २५ प्रतिशत छुट दिएकोमा आगामी आवबाट भने५० प्रतिशत छुटमा व्यवसाय दर्ताको नीतिगत व्यवस्थापन गरिनेछ।

९७. सुशासन र जवाफदेहीता कायम गर्न र सेवा प्रवाहमा महिला तथा वन्चितिकरणमा परेका समुदायको सहज पहुंच सुनिश्चित गर्नका लागि लैससास परीक्षण र लैंगिक उत्तरदायी बजेट परीक्षणलाई संस्थागत गरिने छ ।

९८. गाउँपालिकाको कूल निशर्त वजेटको कम्तिमा १.५ प्रतिशत बजेट लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा लगाउने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्न प्रोत्साहन गरिनेछ ।

९९. महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, लैङ्गिक तथा यौनिक तथा अल्पसंख्यक नागरिकहरुलाई कर्मठ जनशक्ति मार्फत आयआर्जनका लागि प्रोत्साहित गरिनेछ।

१००. बालविवाह न्यूनीकरण, लागुपदार्थ दुर्व्यसन, लैङ्गिक हिंसा साथै सवै प्रकारका हिंसार विभेद विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।वालविवाह मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक पहल लिईनेछ।

१०१. लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैससास) हेल्प डेक्स स्थापना कार्यका लागि आवश्यक प्रबन्ध मिलाईनेछ।

१०२. सामाजिक कुरीति कुसंस्कार जातीय विभेद तथा छुवाछुतलाई व्यवहारीक रुपमा अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ।

१०३. पालिकालाई सडक मानवमुक्त पालिका बनाउनका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ साथै सडक मानवमुक्त पालिका घोषणा गर्ने नीति लिईनेछ।

१०४. महिलाहरुमा हुने रजनोबृत्ति सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

**छ. बालवालिकातर्फ:-**

१०५. **घर विद्यालय र समाज बालमैत्री होस् बालवालिकाको भविष्य सुरक्षित र क्षमतावान् होस्** भन्ने नारा कार्यान्वयन गर्न बालवालिकामा हुने शारिरीक मानसिक तथा यौनजन्य दुर्व्यवहार नियन्त्रण तथा वालशोषण हटाउदै लैजान वालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत बालमैत्री वडा घोषणा कार्यको कार्यान्वयन गर्दै लगिनेछ।

१०६. पालिकाभित्र रहेका बाल क्लव तथा बालसंजालहरुको क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१०७. बालश्रम मुक्त पालिका घोषणा भै सकेको सन्दर्भमा बालश्रमको अवस्था विश्लेषण गरिनेछ।

१०८. वडा तथा पालिकास्तरीय बाल संजाललाई क्रियाशिल बनाई छात्रा आत्मारक्षा कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

**ज. लक्षित बर्ग तर्फः-**

१०९. दलित समुदायको सामाजिक आर्थिक सक्षमता र अर्थोपार्जनमा बढोत्तरीका लागि परम्परागत ज्ञान र सीपलाई क्रमश व्यवसायिक प्रविधिमैत्री र आधुनिक बनाउन विभिन्न कार्यक्रम संचालनको नीतिलाई निरन्तरता दिईनेछ।

११०. सबै प्रकारका जातीय विभेद छुवाछुत जातिय आधारमा हुने विभिन्न किसिमका हिंसा बर्गिय आधारमा गरिने विभेदलाई निरुत्साहित र न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम तथा अभियान संचालनका लागि विशेष पहल गरिनेछ।

१११. आदिबासी, जनजाति बर्गको दक्षता लगायतका समग्र विकासका लागि सीपमूलक आयमूलक क्षमता विकास तथा शशक्तीकरणका कार्यक्रमहरु संचालन गर्दै आदिवासी

जनजातीहरुको भाषा कला धर्म संस्कृती र लिपी आदिको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक पहल गरिनेछ।

११२. मुस्लिम समुदायको मदरसा व्यवस्थित रुपमा संचालन गर्नका लागि आवश्यक समन्वय गरिनेछ।

११३. शहिद बेपत्ता द्धन्द्ध पिडित र घाईते परिवारको आय आर्जनका लागि विशेष कार्यक्रमहरु संचालनको नीति लिईनेछ।

११४. विपन्न दलित महिला जनजाती अपाङ्ग लगायतका पिछडिएका बर्गलाई आर्थिक तथा सामाजिक रुपले सबल बनाउन सचेतना तथा सीपमूलक कार्यक्रमहरु संचालनको नीति अवलम्बन गरिनेछ।

११५. दलित समुदायका परम्परागत व्यवसायको व्यवसाय दर्ता र नवीकरणमा ५० प्रतिशत छुट दिने नीति लिईनेछ।

**झ. अपाङ्गता तर्फः-**

११६. पालिकाबाट वितरण हुने अपाङ्गगता परिचयपत्रको जारीका सन्दर्भमा गम्भिर प्रकृतिका अपाङ्गहरुलाई उनीहरु रहेकै स्थानमा पुगी परिचयपत्र प्रदान गर्ने नीति लिईनेछ।

११७. अपाङ्गता भएका व्यक्तिहरु लक्षित गरी विभिन्न संघ संस्थाहरुको सहकार्यमा सहायता सामाग्री प्रदान गरिनेछ।

११८. क र ख बर्गको अपाङ्गता भएका परिवारका सदस्यलाई केन्द्रित गरि जीविकोपार्जनमा सहयोग कार्यक्रम संचालनको नीति अवलम्बन गरिनेछ।

११९. क र ख बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई विशेषज्ञ चिकित्सककोमा फलोअपमा जानु परेको अवस्थामा पालिकाभित्रका यातायात व्यवसायीहरुको समन्वय तथा पालिकाबाट संचालन हुने एम्बुलेन्स मार्फत निशुल्क यातायातको व्यवस्था मिलाईनेछ।

१२०. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्कहरुलाई व्यवस्थित बनाइनेछ।

### ञ. ज्येष्ठ नागरिक तर्फः-

१२१. ज्येष्ठ नागरिकहरुको अनुभवलाई ग्रहण गर्दै उहाँहरुको सम्मानका लागि पालिकामा निर्माण भएको जेष्ठ नागरिक पार्कलाई थप व्यवस्थित गरिनेछ साथै अन्य स्थानमा समेत पार्क निर्माणको कार्य अगाडि बढाउने नीति लिईनेछ। ज्येष्ठ नागरिक लक्षित योग ध्यान साधना शिविर संचालन गरिनेछ। ज्येष्ठ नागरिक लक्षित तीर्थाटन कार्यक्रम संचालन गरिनेछ।

१२२. जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई थप व्यवस्थितर प्रविधिमैत्री बनाउँदै लगिनेछ। प्रत्येक ३/३ महिनामा वडा तहमै पुगि ज्येष्ठ नागरिक परिचयपत्र वितरणको नीति लिईनेछ।

१२३. असीबर्ष वा सो भन्दा माथीका जेष्ठ नागरिकहरुलाई लुम्बिनी प्रादेशिक अस्पताल वा बुटवल वा तानसेन सम्म थप उपचार प्रेषण भएमा निशुल्क एम्बुलेन्स सुविधा उपलब्धको नीति लिईनेछ।

### ट. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणतर्फः-

१२४. सामाजिक सुरक्षा भत्ता नवीकरण घटना दर्ता सप्ताह संचालन गर्न प्रभावकारी प्रचार प्रसार अभियान संचालन गरिनेछ।

१२५. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा भएका नीतिगत र कानुनी व्यवस्थाको बारेमा पालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जिल्ला प्रशासन कार्यालयको समन्वयमा क्षमता विकास सम्बन्धी तालिम संचालन गर्नुका साथै बायोमेट्रिक भेरिफिकेसनका माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पहिचान गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाईने छ।

१२६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गरी नागरिकलाई समयमै सेवा लिनप्रोत्साहितगरिनेछ। विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयसँग समन्वय गरी ३५ दिनभित्र घटना दर्ता गर्न प्रोत्साहन गरिनेछ।

१२७. पञ्जीकरण तथा सामाजिक सुरक्षासम्बन्धी सेवामा सूचनाप्रविधिको प्रयोगलाई थपप्रभावकारी बनाउँदै सेवाप्रवाहलाई छिटो, सरल र नागरिकमैत्री बनाइनेछ।

१२८. समयमै घटना दर्ता गराउने परिवार तथा वडालाई प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन गरी समयमै दर्ता गर्ने संस्कृतिको विकास गरिनेछ।

१२९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेख व्यवस्थापनलाई सुदृढ बनाउँदै सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।

**अध्यक्ष महोदय**

**अव म**

<u>पूर्वाधार विकासतर्फका नीति तथा कार्यक्रमहरु पेश गर्न चाहन्छु</u>

**दीगो विकासका लक्ष्य नं ९, ११ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र पालिकाको समग्र पूर्वाधार क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ कोलागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ।**

१३०. मध्यमकालिन खर्च संरचनाको अवधारणा कार्यान्वयन गरी पालिकाभित्रका आयोजनाको Screening गरी Project Bank स्थापना गरिनेछ।

१३१. पालिकाभित्र संचालनमा आएका अधुरा अपुरा आयोजनाहरुलाई विभिन्न निकायसँगको सहकार्यमा पूरागर्ने नीति लिईनेछ।

१३२. DPR सम्पन्न आयोजनाको लागि आवश्यक बजेट विनियोजन गर्दा अन्य पालिकाका रणनितिक महत्वका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिनेछ।

१३३. उत्पादनयोग्य जमीनमा स्तरीय सिंचाई सुविधाका लागि सिंचाई कुलो निर्माण तथा विस्तारका कार्यहरु गरिनेछ ।

१३४. पालिकास्तरीय मुख्य सडकहरुको अतिरिक्त वडास्तरीय मुख्य सडकहरुको थप स्तरोन्नतीको कार्यक्रमहरु संचालन गरिनेछ।

१३५. सीमेन्ट पोखरी, थोपा सिंचाई, रिचार्ज पोखरी जस्ता प्रविष्टिको प्रयोग गरी उच्च स्थानमा समेत कृषि उत्पादनमा जोड दिईनेछ।

१३६. जैविक विविधलाई संरक्षण गर्न वातावरणमैत्री योजना तथा कार्यक्रममा विशेष जोड दिई पूर्वाधार निर्माण सँगसँगै बायो इन्जिनियरिङ्गलाई समेत प्राथमिकता दिईनेछ ।

१३७. आवश्यक स्थानमा सामुदायिक भवनहरु, प्रतिक्षालयहरु निर्माण गर्दै लगिने छ।

१३८. पालिकाको जग्गा वर्गीकरण कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ।

१३९. पालिकाभित्र निर्माण सम्पन्न गर्न बाँकी रहेका सबै वडा कार्यालयहरुका भवनलाई चालु आर्थिक बर्षमा निर्माण गर्नेगरी आवश्यक तयारी गरिनेछ भने नयाँ वडा कार्यालय भवन बाट सेवा प्रवाहको नीति लिईनेछ।

१४०. गाउँबस्ती भन्दा टाढा रहेका घरबस्तीलाई लक्षित गरी आवश्यक पूर्वाधार विकास गर्ने नीति लिईनेछ।

१४१. कर्मठ जनशक्ति आयमूलक कार्यक्रमलाई थप प्रभावकारी तथा व्यवस्थित गर्न खेतीयोग्य जमिनसम्म पुग्ने सडकलाई स्तरोन्नती गर्ने र साना सिंचाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी सिंचाईको सहज व्यवस्था मिलाईने छ।

१४२. पालिकाभित्र निर्माण हुने पूर्वाधारहरुलाई अपाङ्गमैत्री र बालमैत्री बनाउदै लगिने छ।

१४३. पालिकाभित्रका आवश्यक स्थानहरुमा सडक पूल तथा झोलुङ्गे पूलहरुको निर्माणका लागि सम्भाव्यता अध्ययन गरी पूल निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ।

१४४. पालिकाभित्रका सबै बड़ा केन्द्र तथा बजार क्षेत्र आसपास र गाउँटोलमा निर्मितपक्की घरहरुको नक्शा पास तथा अभिलेखीकरण गरी नक्शापासको प्रकृयालाई अनिवार्य गरी कार्यान्वयनमा ल्याइनेछ। यस कार्यलाई अनलाईन पद्धतिमा रुपान्तरण गर्ने नीति लिईनेछ। पालिकाको घर नक्सापास र घर अभिलेखीकरण कार्यलाई थप सहज बनाउन लाग्ने करका दरमा परिमार्जन गर्ने नीति लिईनेछ।

१४५. निर्माण सम्पन्न भईसकेका योजनाहरुको टिकाऊ तथा दिगोपनका लागि मर्मत संभार कोषको व्यवस्थालाई थप प्रभाकारी बनाउदै लगिनेछ। निर्माण सम्पन्न भएका योजनाहरुको उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने नीति लिईनेछ।

१४६. पालिकाको सडक गुरुयोजना अनुसार सडकहरुमा विभिन्न स्थानको नामाकरण तथा संकेत चिन्ह राखी व्यवस्थित गरिनेछ।

१४७. पालिका भित्र संचालनहुने ठूला योजनाहरुले पार्ने दीर्घकालिक असर, सो को टिकाउ, फाइदा लिन सकिने अवसरलाई समेत ध्यानमा राखि पर्यटन पूर्वाधार निर्माण, सड़क गुरु योजनाको अद्यावधीकरण र खानेपानी योजनाहरुलाई समेटेर विस्तृत परियोजना प्रस्ताव निर्माण गरि अघि बढिने छ।

१४८. साना तथा मझौला योजनाहरु उपभोक्ताहरु मार्फत संचालन गर्न प्राथमिकता दिईनेछ। साथै खानेपानी तथा सिंचाइ लगायतका सबै पूर्वाधारहरुसँग सम्बन्धित योजनाहरुमा उपभोक्ताहरुको कम्तिमा १० प्रतिशत योगदान हुनेगरी लागत सहभागितालाई अनिवार्य बनाइनेछ।

१४९. सवै किसिमका निर्माण कार्यको रकम भुक्तानी गर्दा ३ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी भुक्तानी गर्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ तर रु १ लाख सम्मका योजनाहरुमा कट्टा नगर्ने नीति अबलम्बन गरिने छ।

१५०. निर्माण हुने पूर्वाधारहरुको गुणस्तर कायम गनका लागि ल्याव टेष्टको नीतिलाई बढाउँदै लगिनेछ।

१५१. सड़क किनारामा स्थायी पूर्वाक्षार निर्माण गर्दा सड़कको Right of way वमोजिम संरचना निर्माण गर्नुपर्ने व्यवस्थालाई कड़ाईका साथ लागु गरिने छ।

१५२. बैकल्पिक उर्जालाई प्रबर्धन गरी यसको प्रयोग बढाउँदै लैजाने र बैकल्पिक उर्जाबाट अधिकतम रुपमा लाभ लिने उद्देश्यले गाउँपालिकामा मुख्य बस्ती क्षेत्रहरुमा बैकल्पिक उर्जा प्रबर्धन कार्यक्रम व्यवस्थित गरिनेछ।

१५३. गाउँपालिका क्षेत्रभित्र बिद्युत आपूर्तीलाई नियमित, व्यवस्थित र स्तरबृद्धि गर्न बिद्युत सेवा प्रदायक संस्था र नियमानक निकायसँग अधिकतम समन्वय गरिनेछ। विद्युत सबस्टेशनको निर्माणलाई आवश्यक पहल गरिनेछ।

## सुशासन तथा संस्थागत विकासतर्फका नीति तथा कार्यक्रमहरु

**दीगो विकासका लक्ष्य नं १०, ११ र १७ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र पालिकाको समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको दीगो विकासको लागि आगामी आर्थिक वर्ष २०८३/०८४ कोलागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ।**

### क. सेवा प्रवाह तथा सुशासन तर्फः-

१५४. सवल, सक्षम र शुसासनयुक्त स्थानीय सरकारको नीति अवलम्बन गर्दै भ्रष्टाचारमा शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिदै नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाईनेछ।

१५५. सार्वजनिक सेवा प्रबाह हुने प्रवेश विन्दु वडा कार्यालय रहेको हुँदा वडाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी तथा सूचना प्रबिधीमैत्री बनाईनेछ, गाउँपालिका तथा वडा कार्यालयहरुको संस्थागत क्षमता अभिबृद्धि र क्षमता विकास कार्यक्रममार्फत सेवा प्रवाहलाई गुणस्तरीय बनाईने छ। गाउँपालिकामा रहेको नागरिक सहायता कक्षलाई व्यवस्थित गर्दै वडा कार्यालयहरुमा समेत यसको अवधारणालाई क्रमश अगाडि बढाईनेछ।

१५६. खर्चमा मितव्ययिता ल्याउनुका साथै पूर्वाधार विकास गर्नका लागि प्रशासनिक तथा चालु प्रकृतीका खर्चहरुमा कटौती गरी पुजीगत खर्च बृद्धि गर्दै लगिनेछ।

१५७. सुशासन प्रबर्धन गर्दै कार्यालय संचालनमा प्रभावकारी सेवा प्रवाह गर्ने वातावरण मिलाउन र विभिन्न सिकाई आदान प्रदानका लागि अन्तर स्थानीय तह अवलोकन एमव् अध्ययन भ्रमणको नीति लिईनेछ।

१५८. बर्षातको समय अगाबै योजना सम्पन्न गर्ने बातावरण मिलाउन तथा पुजीगत खर्च बृद्धि गर्न समयमै उपभोक्ता समिति गठन गर्ने योजना संझौता र फरफारक गराउने वडालाई उत्कृष्ट वडा घोषणा गरिनेछ।

१५९. **सेवाको वरिपरि जनता होईन जनताको वरिपरी सेवा** भन्ने अवधारणालाई आत्मसात गर्दै समय समयमागाउँपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धी घुम्ति शिविर, योजना समझौतातथा खाता संचालन सम्बन्धि कार्यक्रम संचालन गरी जनताको घरदैलोमा सेवापुऱ्याउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउने नीति लिईने छ। **नागरिकका लागि मुस्कान सहितको सेवा अभियान** संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६०. सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता र जवाफदेहीताका लागि सहज रुपमा सेवा प्रदान तथा पारदर्शी सेवा प्रवाहको सुनिश्चितता कायम गर्दै जवाफदेही, उत्तरदायि र नागरिकमैत्री बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, घुम्ती सेवा, नागरिक सन्तुष्टी सर्भेक्षण, नागरिक वहिर्गमित पत्र , विद्युतीय शासन जस्ता सेवा प्रवाहका नवीनतम शासकीय आयाम र औजारहरुलाई अधिकतम प्रयोगमा ल्याईनेछ।पालिकाको टोलफ्रि सेवालाई थप प्रभावकारी बनाईनेछ।

१६१. गाउँपालिकाभित्र रहेका बैङ्क तथा वित्तिय संस्थाहरुलाई पालिकाभित्रै सामाजिक उत्तरदायित्वमा आधारित परिणाममुखी लगानी, आर्थिक अनुशासन तथा रोजगारी प्रबर्धनम योगदान गर्न र वित्तिय साक्षरता संचालन गर्न प्रोत्साहित गर्नुका साथै सामाजिक उत्तरदायित्वमा आधारित कार्य गर्दा पालिकासँग समन्वय गरी एकद्वार प्रणालिबाट कार्यक्रम गर्न अनिवार्य गरिनेछ।

१६२. गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुको नियमानुसार महालेखापरिक्षकको कार्यालयबाट हुने अन्तिम लेखापरिक्षणको क्रममा देखिन आउने बेरुजु सम्परीक्षण गरी आर्थिक अनुसासन र वित्तिय सुशासन कायम गरिनेछ।

१६३. सार्वजनिक खर्च प्रणाली पूर्ण रुपमा विद्युतीय बनाई सूचना प्रविधिमा आधारित बनाईनेछ।

१६४. सार्बजनिक खर्चलाई नतिजामूलक बनाउदै लैजाने नीति अवलम्बन गरिनेछ।

१६५. विभिन्न निकायबाट प्राप्त सुझावका आधारमा योजना संझौता गर्दा नियमानुसार दर्ता भई स्थायी लेखा नम्बर प्राप्त समुह वा संस्था वा समितिबाटमात्र काम गराउने निति अवलम्बन गरिनेछ।

१६६. कार्य वातावरणलाई दीगो र विश्वसनीय बनाउन र मौजुदा जनशक्तिबाट अधिकतम लाभ हासिल गर्नका लागि कार्यरत मानव संसाधनको क्षमता अभिबृद्धि हुने विविध क्रियाकलापहरु संचालन गर्दै कार्य सम्पादनमा गुणात्मकता कायम गरी सेवा प्रवाहमा सहजीकरण र सुधार गर्न कर्मचारीहरुको कार्य उत्प्रेरणा र मनोबलमा उल्लेख्य वृद्धिका लागि मौद्रिक र गैर मौद्रिक कार्यक्रमहरु संचालन गरिनेछ। कार्यरत करार सेवाका जनशक्तिहरुलाई क्रमश सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

१६७. गाउँपालिकामा रहेको मौजूदा दरबन्दि संरचना अनुसार आवश्यक जनशक्तिव्यवस्थापनको कार्यलाई प्रभावकारी रुपले अगाडि बढाउन लुम्बिनी प्रदेश सरकारको स्थानीय निजामति सेवा ऐन तथा नियमावली बमोजिम हुनेगरी पालिकाको O&M Survey लाई अद्यावधिक गरी दरबन्दिमा पदपूर्तिको ब्यवस्था मिलाइने छ।

१६८. गाउँपालिकाबाट विनियोजन भई संचालन गरिने तालिम गोष्ठी सेमिनार तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु सम्बन्धित शाखा तथा वडा मार्फत कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१६९. सूचनाको हकलाई सबै पालिका वासीको पहुंचमा पु¥याउनका लागि गुनासो सुनवाई,गुनासो व्यवस्थापन, सम्पादित कामको सार्वजनिकीकरण, खर्चको सार्वजनिकीकरणगर्नुका साथै वर्तमान सूचना प्रणालीमा थप सुधार गर्दै लगिने छ।

१७०. सूचना तथा प्रविधि, कानुनी, प्रशासनिक विषयवस्तुमा व्यवहारिक ज्ञानका लागिजनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका तालिम सञ्चालन गरिनेछ।

१७१. कार्यसम्पादनका सन्दर्भमा आउने समस्याहरुको पहिचान, अध्ययन, अनुसन्धान गरीसमाधान गर्नपालिकाको सामाजिक तथा आर्थिक विकासमा टेवा पु¥याउन र नवप्रवर्धनात्मक कार्य गर्न कार्यविधिको निर्माण भैसकेकोमा नवप्रवर्द्धनको परीक्षणवाट प्राप्तपृष्ठपोषणलाई मध्यनजर गर्दै उक्त कार्यक्रमलाई थप परिष्कृत गर्न कार्यविधीहरु तयारगर्दै लगिनेछ।

१७२. पालिकाको तर्फबाट संचारकर्मी एवम् पत्रकार प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। पालिकाको आधिकारीक वेवसाईट तथा सामाजिक संजाललाई भरपर्दो सूचनाको माध्यमका रुपमा विकास गर्दै लगिनेछ।

**ख. अनुगमन तथा निरीक्षणतर्फः-**

१७३. पालिकाक्षेत्रभित्र अखाद्य वस्तुको ओसार पसार तथा विक्री वितरणमा नियन्त्रण ररोकथाम गरी बजार मूल्यमा समेत एकरुपता ल्याउन बजार अनुगमन कार्यलाई प्रभावकारी ढंगले संचालन गरिनेछ।

१७४. कालोवजारी, अभाव सिर्जना गरी बढ़ी मूल्य लिने, म्याद नाघेका बस्तुहरुको विक्रिवितरण गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्न अनुगमन योजना सहित नियमनगरिनेछ ।

१७५. पालिकास्तरीय अनुगमन समितिलाई अनुगमन तथा सुपरिवेक्षणको क्षेत्रमा बढी प्रभावकारी,पारदर्शी र चुस्त दुरुस्त बनाउने नीति लिईनेछ।

१७६. नगर प्रहरीहरुका लागि अस्थायी नगर प्रहरी बिट निर्माण गरिनेछ। नगर प्रहरीलाई बहु आयामिक कार्यमा प्रभावकारी ढंगले परिचालन गरिनेछ।

**ग. अन्तर समन्वय तथा साझेदारतर्फः-**

१७७. नीजि क्षेत्रको सक्रिय सहभागिता अभिबृद्धि गर्न गाउँपालिकाबाट आवश्यक सहजीकरण गरी नियामक निकायको भूमिका निर्वाह गरिनेछ।

१७८. नीजि क्षेत्रले पालिकासँग साझेदारीमा कार्यक्रम संचालन गर्न चाहेमा साझेदारी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

**घ. कानुन निर्माण तथा कानुनी मामिला अध्ययनतर्फः-**

१७९. स्थानीय तहको एकल अधिकार र साझा अधिकार सुचीमा परेका विषयहरुमा समयानुकुल र नागरिकको ईच्छा एवम् स्थानीय आवश्यकता अनुरुप कानुन निर्माण, मौजुदा कानुन परिमार्जन एवम् संशोधन पुनराबलोकन र एकीकरण गर्दै हाल सम्म निर्मित कानुनको एकीकृत अभिलेख गरिनेछ।

१८०. विकास निर्माणमा मूल प्रवाहीकरणको नीति लिईनुका साथै हरेक विकास कार्यलाई विपद् जोखिमका दृष्टिले सुरक्षित र दिगो बनाउन संरचनात्मक, संस्थागत र कानुनी प्रकृयामा आवश्यक परिमार्जन तथा परिष्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**ङ. तथ्याङ्क तथा अभिलेखतर्फः-**

१८१. कुनैपनि योजना तथा कार्यक्रम संचालन गर्नुपूर्व त्यसको यथार्थपरक तथ्याङ्क आवश्यक पर्ने हुँदा यसको व्यवस्थापनका लागि गाउँपालिकाको अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाउदै पालिकामा एक तथ्याङ्क इकाइ संचालनमा ल्याईनेछ।

**च. राजश्वतर्फः-**

१८२. प्रगतिशील कर प्रणाली अवधारणा बमोजिम कर संकलन गर्नुका साथै व्यवसाय दर्ता प्रकृयालाई थप सहज एवम् सरल बनाई गाउँपालिकाको आन्तरिक आम्दानीको श्रोतको रुपमा रहेको राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ। पालिकाबाटै स्थायी लेखा नम्बर जारी गर्ने प्रबन्ध मिलाईनेछ।

१८३. **कर तिर्नु कर्तव्य मात्र नभई गौरव पनि हो** भन्ने अवधारणाको विकास गर्न स्वयंकर निर्धारण पद्धतिमार्फत करदातालाई पहिलो कर प्रशासकको रुपमा लिने गरी कर सम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि करदाता उत्प्रेरणा कार्यक्रम संचालन गरिनेछ।

१८४. करको दायरामा सम्पूर्ण पेशा व्यवसायीहरुलाई आवद्ध गराउन तथा राजश्व असुलीमा तीब्रता ल्याउन राजश्व अनुगमन सम्बन्धी कार्यविधि निर्माण गरी राजश्व संकलनलाई बढावा दिईनेछ।

१८५. पालिकाभित्र संचालन गर्ने व्यवसायलाई वडामा व्यवसाय संचालन बापतको राजश्व बुझाए पश्चात् पालिकाबाट स्वतः नवीकरण हुने व्यवस्था मिलाईनेछ।

१८६. डिजिटल प्रविधिलाई जोडौं नगद राजश्व भुक्तानीलाई छोडौं भन्ने मुल नाराका साथ आगामी आर्थिक बर्षभित्र पालिका तथा सबै वडा कार्यालयहरुबाट संचालन हुने राजश्व, दस्तुर र

धरौटी भुक्तानीलाई पूर्ण रुपमा डिजिटाईज गरिनेछ। वित्तीय साक्षरता अभियान मार्फत आम नागरिकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गरिनेछ।

### छ. जिन्सीतर्फः-

१८७. सार्वजनिक खरिद व्यवस्थापनमा बार्षिक खरिद योजना तर्जुमा गरी मितव्ययी, पारदर्शी, र प्रतिस्पर्धात्मक रुपमा खरिद प्रकृया अगाडि बढाउनुका साथै टुक्रे खरिद प्रकृयालाई विद्युतीय खरिदमा आवद्ध गरिनेछ।

१८८. जिन्सी बर्गीकरण तथा अभिलेखका लागि सरकारी मापदण्ड अनुरुप जिन्सी सामानहरुको बर्गिकरण, प्रविष्टी र अद्यावधिक गर्न पहल गरिनेछ। जिन्सी निरीक्षण मार्फत कैफियत औंल्याएका सामाग्रीहरुको प्रचलित कानुन अनुसार लिलाम विक्रिका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

१८९. गाउँपालिका र मातहतका कार्यालयहरुमा रहेका जिन्सी सामान तथा भौतिक सम्पत्तिको नियमित अनुगमन तथा लगत परीक्षण गरी अभिलेख प्रणालीलाई व्यवस्थित र भरदर्दो बनाउन स्थलगत अवलोकन गरी जिन्सी निरीक्षण प्रणालीको निरन्तरता दिईनेछ।

१९०. गाउँपालिका मातहत रहेका भवन, सवारी साधन यन्त्र उपकरण लगायत महत्वपूर्ण भौतिक सम्पत्तिको संरक्षण र सुरक्षाका लागि बीमाको व्यवस्था गर्ने कार्यको थालनी गरिनेछ।

१९१. पालिकामा नयाँ सामान खरिद गर्दा लाग्ने लागत र पुराना सामान मर्मत वा राख्दा लाग्ने खर्चको लागत विश्लेषण तयार गरी नयाँ खरिद प्रकृया अगाडि बढाईनेछ।

१९२. खरिद, मर्मत निर्माण तथा हस्तान्तरण भई आउने सामाग्रीहरुको उपयुक्त प्राविधिक स्पेसिफिकेसन गुणस्तर मापन लागत अनुमान सम्बन्धीत प्राविधिहरुबाट स्पेसिफिकेसन प्रमाणीत र कार्य सम्पन्न प्रतिवेदन नभई खरिद मर्मत निर्माण कार्य सम्पन्न नहुने प्रणालीको विकास गरी गुणस्तरीयतामा ध्यानदिन विशेष नीति अवलम्बन गरिनेछ।

**ज. सार्वजनिक सम्पत्तिको संरक्षणतर्फः-**

१९३. संविधानत सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकाले गाउँपालिका वडा कार्यालय स्वास्थ्य संस्था विद्यालय लगायतका सार्वजनिक निकायका चल अचल सम्पत्तिको संरक्षण र सम्बर्द्धनका लागि विशेष ध्यान दिनुका साथै सार्बजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेलाई कानुनको दायरामा ल्याई आवश्यक कारवाहीको पहल गरिनेछ।

१९४. पालिकाभित्र रहेका सार्वजनिक सम्पत्तिहरुको एकीकृत अभिलेखीकरण यसैबर्ष पुरा गरिनेछ।

**झ. शान्ति सुरक्षातर्फः-**

१९५. सबै प्रकारका हिंसा तथा घरेलु हिंसा नियन्त्रण गर्न परिवार समुदाय तथा प्रहरीसँग हातेमालो गरी अभियानात्मक कार्यक्रम संचालन गरिनेछ।

**ञ. सुचना प्रविधि तथा संचार तर्फः-**

१९६. सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर जानकारी एवम् सचेतना प्रबर्धन गर्न विद्युतीय विकास तथा संचारमैत्री सरकारको अवधारणा अवलम्बन गर्ने नीति अंगिकार गरिनेछ।

१९७. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन नवीनतम प्रविधिको प्रयोगमा जोड दिईनेछ।

१९८. डिजिटल चन्द्रकोट अभियानलाई अगाडी बढाउन गाउँपालिकाको काम कारवाहीलाई सूचना प्रविधिसँग जोडि सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाईनेछ।

१९९. LGPAS मूल्याङ्कनका कमजोर र सवल पक्षको पहिचान गरी कार्ययोजना निर्माण र कार्यान्वयन गरी संस्थागत सुधारलाई निरन्तरता दिईनेछ।

२००. नागरिकको सुरक्षाका लागि माग, आवश्यकता र औचित्यताका आधारमा सार्वजनिक स्थानहरुमा सिसि क्यामरा जडान गर्ने कार्यलाई यस बर्ष पनि निरन्तरता दिनुका साथै जडान भएका सिसि क्यामेराको मर्मत कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

२०१. कार्यलयका कार्यसम्पादन अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहमा कृतिम बौद्धिकता (AI) मा आधारित प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै पालिकाको डिजिटल संरचनालाई सुरक्षित भरपर्दो र दीगो बनाईनेछ।

**ट. न्यायीक समिति तर्फः-**

२०२. न्यायिक समितिका पदाधिकारी गाउँपालिकाको कार्यालयबाट सुचिकृत मेलमिलाप कर्ताहरुलाई मेल मिलाप सम्बन्धी पुन ताजगी तालिम र सिकाई प्रबर्धन कार्यक्रम संचालन गरिनेछ। नागरिकहरुलाई न्यायको सुनिश्चितता गराई न्यायिक समिति मार्फत कम खर्चिलो तथा छिटो र छरितो रुपमा निरुपण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

२०३. समुदायमा शान्ति, सहकार्य तथा मेलमिलापको संस्कृती विकास गर्न टोल सुधार समितिलाई स्थानीय कानुन तथा न्यायिक प्रकृया सम्बन्धी कार्यक्रम संचालनका लागि विभिन्न किसिमका हिंसा अपराध तथा अनैतिक क्रियाकलापमा परेका व्यक्तिहरुका लागि आवश्यक मनोपरामर्श सेवा संचालन गरिनेछ।

२०४. वडा तहमा रहेका मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धि गर्नुका साथै स्थापित मेलमिलाप केन्द्रको सुदृढीकरणमा जोड दिईनेछ।

२०५. टोल विकास संस्थाहरुलाई पुनर्गठन तथा अद्यावधिक गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरुसञ्चालन गर्दै लगिनेछ।

२०६. सामाजिक रुपान्तरणका लागि गाउँपालिकाका आवश्यक स्थानमा चेतनामूलक कार्यक्रमसञ्चालन गरिने छ।

अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

अव म

<u>बन वातावरण तथा विपद् व्यवस्थापन तर्फका नीति तथा कार्यक्रमहरु पेश गर्न चाहन्छु</u>

**दीगो विकासका लक्ष्य नं १३, १४, १५ मा उल्लेखित लक्ष्यहरु प्राप्तीको लागि र पालिकाकोसमग्र वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको दीगो विकासको लागि आगामीआर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ।**

## क. वन, वातावरण, जलाधार, भुसंरक्षण तथा जैविक विविधतातर्फः-

२०७. **विपद् जोखिम घटाउँ, कृषि उत्पादन बढाउँ** भन्ने नाराका साथ आगलागीबाट हुने विपद् न्यूनीकरणको लागि फागुन देखि जेष्ठ सम्म मानव वस्ति नजिक रहेका डढेलोको जोखिमयुक्त पातपतिङ्गरहरुलाई पालिकाभित्र रहेका सामुदायिक वनहरुसँगको समन्वयमा एकैठाउँमा संकलन गरी कर्मठ जनशक्तिहरु मार्फत कम्पोष्ट मल बनाउने कार्यमा जोड दिईनेछ।

२०८. डिभिजन बन कार्यालय सव डिभिजन बन कार्यालय सामुदायिक बन उपभोक्ता समिति तथा विभिन्न समुहहरुसँग सहकार्य तथा समन्वय गरी खाली तथा बाँझो जग्गाहरुमा मसला तथा जडिबुटीजन्य टिमुर, सुन काउली, चिउरी जस्ता विरुवा रोप्ने नीति ल्याइनेछ।

२०९. पालिकाभित्रका सबै किसिमका वन सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनमा समुदायको सक्षमता वृद्धि गर्नका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सामुदायिक बनवाट हुने आम्दानीलाई व्यवस्थापन गर्ने कार्यलाई जोड दिईनेछ।

२१०. वन पैदावारहरुको अवैध निकासी तथा गैर कानूनी रुपमा हुने बिक्री वितरणलाई नियन्त्रण गरिनेछ यसका लागि सबै पक्षसँग सहकार्यको नीति लिईनेछ।

२११. भू क्षय नियन्त्रण एवं रोकथामका लागि बाय-इन्जिनियरिङ्गका साथै वृक्षारोपणमा जोड दिईनेछ।

२१२. पूर्वाधार निर्माणका कामहरु गर्दा वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी निर्माण कार्य अगाडि बढाइने छ। पानीका स्रोतहरुको संरक्षण, हिउँदको समयमा सुख्खा हुन नदिन साना खोला, खोल्साहरु, पानीका मूल एवं सिंसार क्षेत्रहरुको संरक्षणगर्न रिचार्ज पोखरीहरुको निर्माणमा जोड दिइनेछ।

२१३. आकस्मिक रूपमा हुने आगलागि नियन्त्रणका लागि पानीको ट्याङ्कर सहितको ट्याक्टर र विपदमा परेका नागरिकहरुलाई उद्धार गर्न एम्बुलेन्स सेवा व्यवस्थित रूपले सञ्चालनको निरन्तरता दिईनेछ। थप विपद् उद्दार सामग्रीको व्यवस्थापन गर्ने नीति लिईनेछ।

२१४. मानव निर्मित तथा प्राकृतिक रुपमा रहेका पोखरी, ताल, तलाउहरुको संरक्षण तथासम्बर्द्धन, सौन्दर्यीकरण गरी आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्राथमिकता दिईने छ।

**ख. फोहरमैला व्यवस्थापनतर्फः-**

२१५. पालिकाको खसीमारे क्षेत्रमा रहेको फोहरमैला व्यवस्थापन स्थलको थप व्यवस्थापन गर्ने नीति लिईनेछ। फोहर व्यवस्थापनमा समुदायसँगको सहकार्यका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

२१६. सार्वजनिक स्थलहरुमा जथाभावी फोहर गर्ने व्यक्तिहरुलाई दण्ड सजायको व्यवस्थापनका लागि आवश्यक कानुन तर्जुमा गरिनेछ। पालिकाका मुख्य बजार क्षेत्रमा रहेका सार्बजनिक शौचालयको व्यवस्थापन गरिनेछ र नभएका स्थानहरुमा सार्वजनिक शौचालय निर्माणको नीति लिईनेछ।

**ग. जलबायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फः-**

२१७. प्राकृतिक तथा मानव सिर्जित विषदको रोकथाम तथा न्यूनिकरणका लागि विपद पूर्वतयारी, विपदमा उद्धार तथा विषद पछिको पुनर्व्यवस्थापनका कार्यहरु विपद् प्रतिकार्य योजना बमोजिम अगाडि बढाईनेछ।

२१८. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई संभावित विपद् क्षेत्रमा विपद्को पूर्व तयारीका लागि स्थानीय स्तरमा वडास्तरीय संयन्त्रको निर्माण गरिनेछ। विपद् व्यवस्थापनका लागि स्थानीय सुरक्षा निकाय, रेडक्रस, स्काउट लगायतका सम्बद्ध सबै निकायसँग सहकार्य गरिनेछ।

२१९. जलवायू परिवर्तनका कारण पर्न सक्ने असरका बारेमा जानकारी गराउने उद्देश्यले सचेतनामूलक कार्यक्रम संचालनको नीति लिईनेछ।

**घ. दलित, भुमीहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासीतर्फः-**

२२०. राष्ट्रिय भूमि आयोगसँग निरन्तर समन्वय गरी प्रमाणित भएका दलित र भूमिहीन सुकुम्बासीलाई प्राथमिकताका आधारमा आवास वा कृषिका लागि जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन पहल गरिनेछ।

२२१. पहिरो वा नदी कटानको जोखिममा रहेका सुकुम्बासी बस्तीहरूलाई पहिचान गरी सुरक्षित स्थानमा एकीकृत आवास निर्माणका लागि पहल गरिनेछ।

अध्यक्ष महोदय

अव म दीगो विकासको स्थानीयकरण गर्ने तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छुः-

| दीगो विकासका लक्ष्यहरु | स्थानीयकरणका लागि तय गरिएका नीति तथा कार्यक्रमहरु |
|---|---|
| गरिवीको अन्त्य | गाउँपालिकाभित्र रहेको गरिबी निवारण गर्नका लागि कृषि तथा पशु क्षेत्रमा उत्पादनमूलक क्रियाकलापहरु सञ्चालन गर्ने तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई उच्च प्राथमिकताका साथ संचालन गरिनेछ। |
| भोकमरीको अन्त्य | गाउँपालिकामा नियमित बजार अनुगमन गरी कृत्रिम अभाव, अस्वाभाविक मूल्य बृद्धि लगायतका क्रियाकलाप हुन नदिने तर्फ नीतिगत व्यवस्था मिलाईनेछ। |
| स्वस्थ र समुन्नत समाज | स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन एम्बुलेन्स सेवालाई थप विस्तार गर्ने साथै एकीकृत सुस्म स्वास्थ्य शिविर संचालन गरिनेछ। |
| गुणस्तरीय शिक्षा | गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई पूर्ण गर्न पालिकाभित्र संचालित विद्यालयको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ। |
| लैङ्गिक समानता | महिला पुरुष दुबै बरावर भन्ने नारालाई व्यवहारत लैजाने प्रयास गरिनेछ र लिङ्गकै आधारमा हुने भेदभावलाई न्यूनीकरण गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ। |
| स्वच्छ खानेपानी तथा सरसफाई | सरसफाईका लागि फोहर लुकाउने हैन व्यवस्थापन गर्ने हो भन्ने कुरामा नागरिकहरुलाई सजग बनाउदै कुहिने र नकुहिने फोहर छुट्टा छुट्टै संकलन गर्ने व्यवस्था मिलाउने साथै गाउँपालिकालाई प्लाष्टिकमुक्त पालिका बनाउन पहल गरिनेछ। |
| स्वच्छ उर्जामा सहज | बैकल्पिक उर्जा प्रबर्धनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। |

| | |
|---|---|
| पहुँच | |
| मर्यादित रोजगार तथा आर्थिक बृद्धि | गाउँपालिकाभित्र संचालन हुने राष्ट्रिय रोजगार कार्यक्रममा विभिन्न आयआर्जनमूलक कार्यक्रम तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम जस्ता कार्यक्रमहरुलाई उत्पादन तथा व्यवसायसँग जोडिनेछ र लक्षित समुदाय तथा बर्गलाई केन्द्रित गरी कार्यक्रम संचालन गरिनुका साथै जनताको आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ |
| उद्योग पूर्वाधार र नवीन सृजना | गाउँपालिका क्षेत्रभित्र घरेलु, साना, मझौला तथा ठूला उद्योगहरु स्थापना गर्न उद्योगीहरुसँग आह्वान गरिनेछ। साथै गाउँपालिकाभित्रका सडक, भवन लगायतका भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ। |
| असमानता न्यूनीकरण | बर्गीय क्षेत्रीय जातीय असमानता हटाउनका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। साथै असमानताको कारण पहिचान गरी न्यूनीकरणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ। |
| दीगो शहर र समुदाय | गाउँपालिकाभित्रका शहरोन्नमुख क्षेत्रहरुमा आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्ने नीति लिईनेछ। |
| जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन | स्वच्छ खाना तथा उत्पादन तथा सामाग्रीहरु नागरिकले सहज प्राप्ती गर्ने अधिकारलाई सुनिश्चित गर्न उत्पादकहरुलाई जिम्मेवार बनाई बस्तुहरुको गुणस्तरीयता बृद्धिमा विशेष पहल गरिनेछ साथै बजार अनुगमन कार्यलाई निरन्तरता दिईनेछ। |
| जलबायु परिवर्तनमा तत्काल पहल | जलवायू परिवर्तन र यसले पार्ने नकारात्मक असरका बारेमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ भने भौतिक पूर्वाधार तर्फ वायो ईन्जिनियरिङ्गको अवधारणा क्रमश लागु गर्दै गईनेछ। |
| जमिन माथीको जैविक बिविधताको संरक्षण | जैविक विविधताको संरक्षणका लागि ताल तलैया पोखरी पाटी पौवा लगायतको निर्माण एवम् संरक्षण गर्ने साथै बर-पिपल जस्ता विरुवा रोपण गरिनेछ। |
| शान्ति, न्याय र शशक्त निकाय | गाउँपालिकाक्षेत्रभित्र शान्ति सुरक्षा र अमनचयन कायम गर्न पालिकाभित्र रहेका सुरक्षा निकाय र नगरप्रहरीसँग आवश्यक समन्वय र साझेदारी गरिनेछ। साथै नागरिकको न्याय प्राप्तीमा सहजता कायम गर्न स्थानीय न्यायिक समितिलाई थप क्रियाशिल बनाईनेछ। |
| लक्ष्य प्राप्तीका लागि साझेदारी | गाउँपालिकाको समग्र विकास लक्ष्यलाई परिपूर्ति गर्न समन्वय सहकार्य र सहजीकरणका लागि विभिन्न सरोकारवालाहरुसँग भेटघाट छलफल बैठक |

| | |
|---|---|
| | आदि संचालन गरिनेछ। |

सभाका अध्यक्ष महोदय,

समग्रमा गाउँपालिकाबासीको माग र आवश्यकताको आधारमा स्थानीय निर्वाचनमा गाउँबासी समक्ष गरेको प्रतिवद्धता र संकल्पलाई पूरा गर्न बजेट निर्माणदेखि कार्यान्वयन प्रकृया सम्मको पुनरावलोकन गरी पुँजीगत खर्च वृद्धि गर्ने र खर्चमा मितव्ययिता कायम गरी वित्तीय जवाफदेहितालाई कडाईका साथ लागु गरी आर्थिक प्रशासनलाई थप पारदर्शी र नतिजाममुखी बनाउने उद्देश्यमा प्रस्तुत नीति तथा कार्यक्रम केन्द्रित रहेको छ ।

उल्लिखित नीति तथा कार्यक्रमहरूलाई मूर्त रूप दिनको लागि सबै तहका सरकार आम स्थानीयवासी र सरोकारवाला सबैको भूमिका रहने गर्दछ । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नुपूर्व सरोकारवाला सबैको राय परामर्श तथा सुझाव ग्रहण गर्दै सोही अनुसार तयार गरेको हुँदा स्थानीय सरकारले लिएको नीतिहरूलाई यथासम्भव सबै पक्ष र क्षेत्रलाई समेट्न प्रयास गरेको विश्वास व्यक्त गर्दछु ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष-परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने विषय विज्ञ महानुभावहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, नीजि क्षेत्र, पालिका उपाध्यक्षज्यू, विषयगत समितिका संयोजकहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गाउँबासी दाजुभाइ तथा दिदीदीबहिनी गाउँपालिकाका हरेक गतिविधिको सत्यतथ्य सूचना प्रवाह गरी सहयोग गर्ने सञ्चारकर्मी मित्रहरु, शिक्षक एवं राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, विकास साझेदारहरु, नीजि क्षेत्र, गाउँपालिकाका कर्मचारीहरु, मतदाता र सम्पूर्ण बुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

*धन्यवाद।*

युवराज खत्री क्षत्री
अध्यक्ष
मितिः २०८३ असार ०८ गते।